शहिदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

# शहिदनगर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या १ मितिः २०८०/०६/१६

भाग-२

शहिदनगर नगरपालिका

# बेटी पढाउ बेटी बचाउ अभियान सञ्चालन निर्देशिका, २०८०

प्रमाणिकरण मितिः२०८०/०६/१६

**शहीदनगर नगरपालिका**

**"बेटी पढाउ, बेटी बचाउ अभियान संचालन निर्देशिका, २०८०"**

शहिदनगर नगरपालिका क्षेत्र भित्रका वालिकाहरुको गुणस्तरिय शिक्षामा पंहूचर निरन्तरता सूनिश्चित गर्न, वालविकासको अधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न तथा महिला सशक्तिकरण गर्दै महिला हिंसा न्यूनिकरण गरि वाल विवाह मुक्त पालिका तुल्याउन "बेटी पढाउ, बेटी बचाउ अभियान" सञ्चाल गरि कार्यान्वय गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) लेदिएको अधिकार प्रयोग गरी शहिदनगर नगरकार्यपालिकाले यो निर्देशिका तयार गरि जारी गरेको छ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "बेटी पढाउ, बेटी बचाउ अभियान सञ्चालन निर्देशिका, २०८०"रहेको छ।

(२) यो निर्देशिका शहिदनगर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"बालबालिका"**भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

(ख)**"ऐन"**भन्नाले मधेश प्रदेश बालअधिकार ऐन २०७७ सम्झनु पर्छ।

(ग)**"कार्यपालिका"**भन्नाले शहीदनगर नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ।

(घ)**"प्रमुख"**भन्नाले शहीदनगर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ङ)**"उप-प्रमुख"**भन्नाले शहिदनगर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(च)**"कार्यपालिका सदस्य'**भन्नाले शहिदनगर नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(छ)**"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले शदिनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज)**"कार्यविधि"**भन्नाले मधेश प्रदेश सरकारवाट जारि भएको **मुख्यमन्त्री- बेटी पढाउ बेटी बचाउ अभियान कार्यक्रम संचालन कार्यबिधि २०७८** लाई सम्झनु पर्छ।

(ञ)**"वडाअध्यक्ष"**भन्नाले शहिदनगर नगरपालिका अन्तरगतका वडाका अध्यक्षलाई सम्झनु पर्दछ।

(ट)**"वडासदस्य"**भन्नाले शहिदनगर नगरपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ।

(ठ)**"गैर सरकारी संस्था"**भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई स्थापना भएको गैर नाफा मूलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्थालाई समेत सम्झनु पर्दछ।

(ड)**"निजी संस्था"**भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफा मूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई सम्झनु पर्दछ।

(ढ)**"स्थानीय बालअधिकार समिति"**भन्नाले शहिदनगर नगरपालिकामा ऐन अनुसार बालवालिकाको हक अधिकार संरक्षणका लागि गठन भएको बाल अधिकार समितिलाई सम्झनु पर्दछ।

(ण)**"बाल कल्याण अधिकारी"**भन्नाले शहिदनगर नगरपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्नका लागि तोकिएको नगरपालिकाको कर्मचारी सम्झनु पर्दछ।

(त) **"मनोसामाजिक परामर्शकर्ता"**भन्नाले शदिनगर नगरपालिकाको पालिका स्तरिय बालअधिकार समितिले यसै कार्य विधि बमोजिम तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(थ) **"बालसहजकर्ता"**भन्नाले शदिनगर नगरपालिकाको पालिकास्तरिय बालअधिकार समितिले यसै कार्य विधि बमोजिम तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(द) **"अभियान"**भन्नाले बेटी पढाउ, बेटी बचाउ अन्तर्गतका कार्यक्रमहरुलाई सम्झनु पर्दछ।

(ध)**"अभिभावक"**भन्नाले छोरीको बुवा वा आमा वा दुवै वा निजको पालन पोणको अभिभारा लिएका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ।

(न)**"बिमित/मुद्दतिबचत खातावाला"**भन्नाले बेटी पढाउ, बेटी बचाउ कार्यक्रम अन्तर्गतको छोरी शिक्षाबिमा /मुद्दती बचत कार्यक्रम अन्तर्गत एकमुष्ट योगदान रकम (प्रिमियम) भुक्तानी गरिएको व्यक्ति सम्झनु पर्दछ।

(प)**"योगदान रकम (प्रिमियम)"**भन्नाले छोरी शिक्षाबिमा/मुद्दति बचत कार्यक्रममा सहभागि भए वापत विमितको तर्फ बाट नगरपालिकाले बैङ्क/बित्तिय संस्थालाई भुक्तानी गर्ने रकमलाई सम्झनु पर्दछ।

(फ)**"कार्यकम कार्यान्वयन समिति"**भन्नाले यस निर्देशिकाको दफा (७) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(ब)**"बालविवाह"**भन्नाले २० बर्ष पुरा नगरि गरिएको विवाहलाई सम्झिनु पर्दछ।

## परिच्छेद-२

## अभियान कार्यकम संचालन सम्बन्धी व्यववस्था

३. **कार्यकम संचालन :** (१) अभियान अन्तर्गतका कार्यकमहरुको संचालन देहाय बमोजिम हुनेछ :

(२) नगरपालिका तहमा बसोबास भएको दम्पतिबाट २०८० माघ १ गते उप्रान्त जन्मिने नवजात छोरीको लागि स्थानीय सरकारले शिक्षाबीमा/मुद्दति बचत कार्यक्रम मार्फत बीमा कम्पनी, बैंक वा वित्तीय संस्था, गैर सरकारी संस्थासंग समन्वय र साझेदारी गरि शिक्षावीमा/मुद्दति वचत कार्यकम लागू गरि संचालन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको मिति देखि जन्मिएका छोरीहरुका अभिभावकले कानून बमोजिम आफू वसेको वडामा जन्म दर्ता गराई **अनुसूचि १** अनुसारका कागजातहरु सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(४) अभिभावकले निवेदन गरे पछि कार्यक्रम कार्यन्वयन समितिले निर्णय गरि सम्वन्धित बैंक वा वित्तीय संस्थामा मुद्दती खाता खोल्न नगरपालिकाको सिफारिस सहित पठाउनेछ। साथै मधेश प्रदेश सरकारवाट संचालित वेटी पढाउ वेटी बचाउ कार्यकमसँग समन्वय र सहकार्य गर्न एक जना कर्मचारीलाई प्र.प्र.अ.ले तोकनेछ।

(५) यस बमोजिम सम्वन्धित बैंक वा वित्तीय संस्थाले छोरी शिक्षाबीमा/मुद्दती खाताको निस्सा जारि गर्नेछ।

(६) छोरी शिक्षावीमा गरेका छोरीहरुले विमीत रकम २० बर्ष पुरा गरे पछि मात्र पाउने गरी झिक्न मिल्ने व्यवस्था मिलाईने छ।

(७) छोरी शिक्षावीमा गरेका छोरीहरुले कानूनले तोकेको उमेर भन्दा अगावै विवाह गरेमा बीमा बापतको रकम उपलब्ध गराइने छैन। त्यस्तो रकम नगरपालिकाको संचित कोषमा दाखिला गरिनेछ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(८) छोरी शिक्षावीमा गरेका छोरीहरु मध्ये कोहि क[illegible] रोग लागि विद्यालय शिक्षालाई निरन्तरता दिन नसक्ने भएको व्यहोरा विद्यालय र सरकारी अस्पता[illegible] प्रमाणित भै आएको खण्डमा निजको विमित रकम निजलाई उपलब्ध गराउने वा नगराउने भन्ने विषयमा कार्यक्रम कार्यान्वयन समितिबाट भएको निर्णय वमोजिम हुनेछ ।

४. **सम्बन्धित बैंक वा बित्तिय संस्था संग सम्झौता गर्नु पर्ने** : छोरी शिक्षावीमा प्रयोजनको लागि नगरपालिकाले नजिकको बैंक वा वित्तीय संस्था संग लामो अवधिको सम्झौता गर्नु पर्नेछ । सम्झौता गर्दा वीमा रकममा पाउने ब्याज, बोनस लगायतका सुविधाहरु समेत उल्लेख भएको हुनु पर्नेछ ।

५. **लैगिक हिंसा बिरुद्ध कार्यकम** :वडा तथा नगरपालिकामा लिङ्गको आधारमा गरिने सवै प्रकारको भेदभावलाई निरुत्साही गर्न सघन रुपमा जनचेतना मुलक कार्यकम संचालन गरिने छ । लिङ्ग पहिचान गरि छोरी भएकै कारणले गरिने भ्रुण हत्या प्रचलित कानून विपरित कार्य हुने भएकोले त्यस्तो कार्य हुन न दिन वडा कार्यालय र अन्य संस्थाहरुसंगको सहकार्यमा जनचेतना मुलक कार्यकम संचालन गरिनेछ ।

६.**विद्यालय भर्ना कार्यकम**: छोरी शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने धारणलाई आत्मसात गरि विद्यालय भर्नामा **सबै छोरीको गुणस्तरिय शिक्षामा पहुँच** भन्ने नाराका साथ आमाहरुलाई अभिमुकिखकरण, बैठक, अन्तर कियात्मक कार्यकम, प्रशिक्षण कार्यकम यस पालिका र वडा भित्र होडिङ्गवोर्ड, संचार माध्यमको उपयोग, सन्देश सम्प्रेषण, सडक नाटक, आमा समुह परिचालन र सामूहिक सचेतना कार्यकमहरु संचालन गरिनेछ ।

७. **थप शैक्षिक बृति र विकास** : विपन्न, दलित, अपांगता भएका, अल्पसंख्यक तथा सिमान्तकृत समुदायका परिवारका छोरीहरुको विद्यालय निरन्तरता तथा उच्च शिक्षा प्राप्तिका लागि नगर कार्यपालिकाले स्विकृत वजेटको परिधिमा रहि आवश्यक थप सहयोग उपलब्ध गराउन सक्ने छ । साथै उच्च शिक्षा प्राप्त गरि र २० वर्ष पुरा गरि विवाह गरेको छोरीहरुलाइ प्रोत्साहनका लागि रकम रु.२५०००।- (अक्षरेपी पच्चीस हजार मात्र) समितिको सिफारीसमा सहयोग स्वरुप उपलब्ध गराउने।

## परिच्छेद ४

## कार्यकम कार्यान्वयन समिति, काम, कर्तब्य र अधिकार

७. **कार्यकम कार्यान्वयन समिति** :(१) अभियान कार्यकमको सम्पुर्ण काम कारवाहीको सञ्चालन, रेखदेख, नियन्त्रण तथा निर्देशनदिने प्रयोजनको लागि एक कार्यकम कार्यान्वयन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन समिति देहाय अनुसारको हुनेछ :

(क) प्रमुख - संयोजक

(ख) उप-प्रमुख - सदस्य

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) सम्बन्धीत वडाको वडा अध्यक्ष - सदस्य

(ङ) पालिकाबाट कार्यक्रम कार्यान्वयन गर्न तोकिएको कर्मचारी - सदस्य सचिव

**८.कार्यक्रम कार्यान्वयन समितिको बैठक तथा काम कर्तब्य र अधिकार** : (१) कार्यक्रम कार्यान्वयन समितिको बैठक तथा काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ । उक्त बैठकको मिति, समय र स्थान संयोजकले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको बैठकमा संयोजकले बढिमा दुई जना सम्म संबन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छन् ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको काम कर्तब्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) अभियान अन्तर्गत संचालन हुने योजना तथा कार्यक्रम सम्वन्धी नीति निर्धारण गर्ने

(ख) प्राप्त भएका कार्यक्रमहरु छनौट गरि स्वीकृत गर्ने ।

(ग) समिति बाट भएको निर्णयहरु कार्यान्वयन गर्ने, कार्यक्रम संचालन गराउने ।

(घ) अभियान कार्यक्रमहरुको अनुगमन मुल्यांकन गर्ने, गराउने र अभिलेख राख्ने ।

(ङ) मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत संचालित योजना तथा कार्यक्रम संचालन गर्न समन्वय गर्ने र वजेटका लागि पहल गर्ने ।

(च)कार्यक्रमको उदेश्य प्राप्तिका लागि तोकिए बमोजिमको अन्य काम गर्ने गराउने ।

(छ) कार्यक्रम संचालन गरिने क्षेत्रमा लाभग्राही बालिकाको पहिचान र छनौट गर्दा वडा कार्यालय वा स्थानीय बालअधिकार समितिको सिफारिस साथै समिति समेतको निर्णयको आधारमा छनौट गर्ने ।

(ज) समितिको कैठक भत्ता नगर कार्यपालिकाको बैठक भत्ता सरह हुनेछ ।

**परिच्छेद५**

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## विविध

९.**अभिभावक सम्मानः** नगरपालिका तथा वडा स्तरमा आर्थिक, सामाजिक [illegible] शैक्षिक रुपमा विपन्न, गरिब, दलित, अल्पसंख्यक परिवारको छोरीको अभिभावकत्व ग्रहण गर्न चाहने शिक्षाप्रेमी, बुद्धिजिवी, व्यपारी, संघ संस्था, एवम राजनीतिज्ञहरुलाई प्रोत्साहन र सम्मान गरिनेछ ।

१०.**कार्यक्रम सहयोगः**क्षमता विकास कार्यक्रममा युवा महिलाहरुलाई व्यवसाय गर्न सहयोग, सीपमुलक तालिम, लोक सेवा आयोगको तयारी कक्षा तथा अन्य सम्भावित परीवेश सुहाउँदो सहयोगका कार्यक्रमहरु गर्न स्थानीय तह र गैर सरकारी संस्थासंग समन्वय, सहकार्य र सहयोग उपलब्ध गराउन सकिनेछ ।

११.**सम्पर्क व्यक्ति तोक्नेः** अभियान अन्तर्गतका आयोजना संचालन एवम् सहजिकरण गर्नका लागि नगरपालिकाले एक जना सम्पर्क व्यक्ति तोक्नेछ ।

१२.**कार्यक्रम कार्ययोजना** : नगरपालिका, वडा कार्यालय तथा सरोकार वाला संघ-संस्थाहरुवाट विनियोजित वजेट भित्र रही नगर तथा वडा स्तरीय बालअधिकार समिति मार्फत वार्षिक कार्ययोजना निर्माण गरिवि भिन्न वस्ती, टोल, विद्यालय कार्यक्रम संचालन गर्ने ।

१३. **असल अभ्यासको प्रबर्द्धनः** नगरपालिका तथा वडास्तरमा सञ्चालन भएका विभिन्न कार्यक्रम र अभियानहरुको प्रभावकारिता बारेमा आवश्यक अध्ययन, अनुसन्धान गरी असल सिकाइहरुको प्रचार प्रसार गर्ने ।

१४.**खर्चको लेखा राख्ने** : अभियानमा भएको खर्चको देहाय बमोजिम हिंसाव राखि आर्थिक पारदर्शिता कायम गर्नु पर्नेछ :

(१)स्वीकृत वजेटको परिधिभित्र खर्च गरि सो को हिंसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) प्रत्येक महिनाको खर्चको प्रगति विवरण सार्वजनिक गरि व्यवस्थित अभिलेख राख्नु पर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको मितिले ४ (चार) महिना भित्र लेखा परिक्षण गरि सो को प्रतिक्रिया सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) स्वीकृत बजेट प्रचलित कानून बमोजिम खर्च गर्ने, हिसाव राख्ने कामको लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) अनुदानको रुपमा प्राप्त कुनै पनि वस्तुगत सहायता लाभग्राहि बर्गलाई वितरण गर्न सकिनेछ ।

(६) कार्यक्रम कार्यान्वयन समितिले सिफारिस गरेको कार्यक्रम संचालन गर्दा प्रचलित आर्थिक कार्यविधि ऐन बमोजिम खर्च गरी सोको दस्तावेज राख्नु पर्ने ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१५. **बिधि बनाउन सक्ने** :नगरपालिकाले यस निर्देशिका अन्तर्गतका कार्यक्रम संचालन गर्न आवश्यकता अनुसार छुट्टै विधि बनाउन सक्नेछ ।

१६. **संशोधन गर्न सक्ने** :नगरपालिकाले आवश्यकता अनुसार यो निर्देशिकामा थप घट गरी संशोधन गर्न सक्नेछ ।

१७. **बाधा अड्काउ फुकाउन सक्ने**:यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्का उपरेमा वा थप व्याख्या गर्नु परेमा सो गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

**अनुसूचि १**

**दफा ३ को उपदफा (३) संग सम्बन्धित**

**अभिभावकले पालिकामा पेश गर्नुपर्ने कागजात**

२०८० माघ १ गते पछि जन्मेका छोरीहरुलाई शिक्षाबीमा/मुद्दति वचत कार्यक्रममा संलग्न गराउन चाहने अभिभावकले नगरपालिकाले प्रकाशित गरेको सूचनाको म्याद भित्र निम्न कागजात सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ :

१.निवेदन
२. छोरीको जन्म दर्ता प्रमाणपत्र
३. अभिभावकको प्रतिवद्दतापत्र
४. सम्वन्धित वडाको सिफारिस पत्र
५. अभिभावकको नागरिकताको प्रतिलिपि
६. अभिभावकको पासपोर्ट साईजको फोटो ६ प्रति
७. छोरीको पासपोर्ट साईजको फोटो ६ प्रति

०८०।०६।१६
आज्ञाले,
नामः केशब कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

शहिदनगर नगरपालिकाद्धारा प्रकाशित मूल्य रु १०।-